सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ७ ♦ २०८३ साल असोज १९ सोमवार ♦ 5 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# कांग्रेसको १५औं महाधिवेशन : बदलिएको कांग्रेस बनाउने प्रतिबद्धता






**खबर दर्पण समाचारदाता**

**असोज १८ गते, बर्दिवास**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले १५औं महाधिवेशनबाट सुधारिएको र रूपान्तरित कांग्रेस निर्माण गरी जनताका घरआँगनमा पुग्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। विशेष महाधिवेशनको आठ महिनापछि आइतबार काठमाडौंको खुलामञ्चमा १५औं महाधिवेशन उद्घाटन गर्दै सभापति थापाले बदलिएको कांग्रेसमार्फत मुलुक परिवर्तनको नेतृत्व गर्ने बताउनुभयो।

"विशेष महाधिवेशनमा हामीले कांग्रेस बदल्ने सङ्कल्प गरेका थियौं। अब यो महाधिवेशनबाट बदलिएको कांग्रेस मात्र होइन, नेपाललाई बदल्ने क्षमता राख्ने कांग्रेस निर्माण गर्ने सङ्कल्पसहित अघि बढ्दैछौं," उहाँले भन्नुभयो, "यो महाधिवेशन एउटा सुरुवात हो। हामी अब नयाँ ऊर्जा लिएर अघि बढ्दैछौं।"

सभापति थापाले संविधान जारी भएपछि नेपाली जनताले पुराना राजनीतिक दलप्रति लामो समयसम्म स्नेह र समर्थन गरे पनि जनअपेक्षाअनुसार काम गर्नुको सट्टा सत्ताको 'म्युजिकल चेयर'मा व्यस्त हुँदा राजनीतिक दल र नेताप्रति जनताको वितृष्णा बढेको बताउनुभयो।

त्यसैको परिणामस्वरूप गत वर्ष भदौ २३ र २४ गतेको घटना भएको उल्लेख गर्दै उहाँले पार्टीभित्र असन्तुष्ट रहेका तथा पार्टी छाडेर गएका नेता-कार्यकर्तालाई समेत समेटेर अघि बढ्ने अभियान सञ्चालन गरिने बताउनुभयो।

पार्टी कहिले स्थापना वा दर्ता भयो भन्ने आधारमा नयाँ र पुरानो छुट्याउन नहुने बताउँदै सभापति थापाले जनताका तत्कालीन प्रश्नको जवाफ दिन सक्ने राजनीतिक दल नै वास्तविक अर्थमा नयाँ हुने धारणा राख्नुभयो।

नेता तथा जनताको अभिव्यक्ति सार्वजनिक गर्ने खुलामञ्चजस्तै समाज, संसद् र राज्यका सबै तहमा खुला बहसको वातावरण आवश्यक रहेको उहाँले बताउनुभयो। कांग्रेसले निर्वाचनमा हार बेहोरे पनि आफ्नो सिद्धान्त र आदर्शलाई कुनै हालतमा पराजित हुन नदिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

## निर्वाचनबाटै सरकार परिवर्तन

उद्घाटन सत्रलाई सम्बोधन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले व्यापक जनमतबाट बनेको सरकार ढल्ने कल्पना नगर्न आग्रह गर्नुभयो। सरकार ढल्छ भन्ने हल्ला चलाएर आन्दोलनको माध्यमबाट सरकार परिवर्तन गर्ने सपना नदेख्न आग्रह गर्दै उहाँले लोकतन्त्रमा सरकार परिवर्तनको वैधानिक र अचुक माध्यम निर्वाचन भएको बताउनुभयो।

"सरकारलाई विस्थापित गर्ने अचुक उपाय निर्वाचन हो । आन्दोलनबाट सरकार ढाल्ने होइन । लोकतन्त्रलाई निर्वाचनको अभ्यासबाट मात्रै बलियो बनाउन सकिन्छ," उहाँले भन्नुभयो।

जनताले मतदानमार्फत दिएको जनादेशको अपमान गर्ने, निर्वाचन नै गलत थियो भन्ने वा सुरक्षा निकाय र विदेशी हस्तक्षेपको आरोप लगाएर हल्का टिप्पणी गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उहाँको भनाइ थियो।

सभापति लामिछानेले आफ्नो पार्टी लोकतन्त्र र लोकतान्त्रिक संस्थाप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै राजनीतिक दलहरूबीच सहकार्य गरेर मुलुकलाई अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

## लोकतन्त्रका लागि दलहरूबीच सहकार्य

नेकपा (एमाले) का महासचिव शङ्कर पोखरेलले नेपाल भूराजनीतिक जटिलताबीच रहेको उल्लेख गर्दै नेपाली कांग्रेस र नेकपा (एमाले) जस्ता विचारको जगमा निर्माण भएका राजनीतिक दलहरूले सूचना प्रविधि र सामाजिक परिवर्तनले ल्याएका नयाँ चुनौतीलाई आत्मसात् गर्दै आवश्यक सहकार्यका साथ अघि बढ्नुपर्ने बताउनुभयो।

लोकतन्त्रको भविष्यमाथि चिन्ता बढिरहेको अवस्थामा सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्ने अवस्था आएको उहाँले उल्लेख गर्नुभयो।

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले कांग्रेसलाई नवीन बाटोमा अघि बढाउन निरन्तरतामा क्रमभङ्ग गर्दै इतिहास रचेको भन्दै सभापति थापालाई बधाई दिनुभयो।

उहाँले आफू बृहत् शान्ति सम्झौताका हस्ताक्षरकर्तामध्ये एक मात्र जीवित रहेको उल्लेख गर्दै शान्ति प्रक्रियाका बाँकी काम सभापति थापासँगको सहकार्यमा पूरा हुने विश्वास व्यक्त गर्नुभयो।

## दलप्रति जनताको वितृष्णा सम्बोधन गर्नुपर्ने

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले आफूले पाँच वर्षअघि कांग्रेसको १४औं महाधिवेशनमा नै राजनीतिक दल र नेताप्रति जनताको वितृष्णा बढिरहेको बताएको स्मरण गर्नुभयो। तर राजनीतिक दलहरूले त्यसलाई गम्भीरतापूर्वक नलिएको उहाँको भनाइ थियो।

गत वर्ष भदौ २३ र २४ गते भएको आन्दोलनको प्रमुख कारण राजनीतिक दल र नेताको कार्यशैली रहेको बताउँदै उहाँले राजनीतिक दल, नेतृत्व र जनताबीच सहकार्य आवश्यक रहेकोमा जोड दिनुभयो।

श्रम संस्कृति पार्टीका महासचिव आरेन राईले कांग्रेस कुनै हल्लाको भरमा स्थापना भएको पार्टी नभई देशको आवश्यकता, सङ्घर्ष र त्यागबाट निर्माण भएको ऐतिहासिक पार्टी भएको बताउनुभयो। विगतमा कांग्रेसबाट केही गल्ती भएको भए त्यसलाई सच्याउँदै आगामी दिनमा अघि बढ्न उहाँले आग्रह गर्नुभयो।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले २०७२ सालमा नयाँ संविधान जारी भएपछि मुलुकमा नयाँ राजनीतिक शक्तिको आवश्यकता औंल्याउँदै आफूले बाटो परिवर्तन गरेको स्मरण गर्नुभयो। त्यसको करिब १२ वर्षपछि नेपाली राजनीतिमा नयाँ शक्तिको उदय भएको उहाँले बताउनुभयो।

विद्यमान राजनीतिक दलहरू हिजोकै ढाँचा र शैलीमा अघि बढ्न खोजे उनीहरूको अस्तित्व संकटमा पर्न सक्ने उहाँको दाबी थियो।

नागरिक उन्मुक्ति पार्टीका संस्थापक नेता रेशम चौधरीले गगन थापाको नेतृत्वमा कांग्रेस सफल हुने विश्वास व्यक्त गर्दै थारू समुदायको अधिकार स्थापित गर्न कांग्रेसले प्रभावकारी भूमिका खेल्नुपर्ने बताउनुभयो।

जनता समाजवादी पार्टीका नेता शरत्सिंह भण्डारीले कांग्रेसको आन्तरिक जीवनमा समस्या आउँदा त्यसको असर देशमा समेत पर्ने भएकाले कांग्रेस बलियो र एकताबद्ध बन्नुपर्ने शुभेच्छा व्यक्त गर्नुभयो।

बाँकी पृष्ठ ३ मा



# अमरेशकुमार प्रवृत्ति : कस्तो राजनीतिक संस्कृति ?

व्यक्तिकेन्द्रित टिप्पणी त्यति उचित र शोभनीय मानिदैन तर, व्यक्ति जब प्रवृत्तिको रूपमा प्रकट हुन थाल्छ, केही भन्नैपर्ने हुन्छ।

सर्लाही-४ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य अमरेशकुमार सिंह अब राष्ट्रिय राजनीतिमा एक अनौठो प्रवृत्ति बन्दै गएका छन् । उनको राजनीतिक चिन्तन, विचारधारा र दृष्टिकोण के हुन्, उनले स्थापित गर्न खोजेको मुद्दा, साथ दिन चाहेको प्रवृत्ति के हो, प्रस्ट छैन । तर, कुनै न कुनै अतिरञ्जित अभिव्यक्तिमार्फत आम नागरिकको 'अटेन्सन सिकिङ' भने गरिरहेका हुन्छन् ।

उनले उठाएका सवाल कहिँ कतै छिनोफनो हुँदैन । कसैले नैतिक उत्तर दायित्व लिएको वा जवाफ दिएको पाइँदैन । स्वयं उनका धारणा र अडानको पृष्ठभूमिमा ती संगतिपूर्ण पनि लाग्दैनन् । तर, उनी त्यस्ता थुप्रै कुरा बोलिरहेका हुन्छन्, जो भ्रामक हुन् वा सत्य आम नागरिकले बुझ्ने अवसर पाउँदैनन् ।

भदौ २५ गतेको प्रतिनिधिसभा बैठकमा अमरेशकुमारले केही त्यस्तै गम्भिर अभिव्यक्ति दिए । उनले प्रधानमन्त्री बालेन्द्र शाहको सरकार सिंहदरबारबाट नभएर ज्वागलबाट संचालित भएको, शाहका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकारले सम्पत्ति शुद्धीकरण विभागका डीजीलाई मध्यरात कञ्चटमा पेस्तोल ताकेर रेडकर्नर नोटिसमा सही गर्न लगाएको आरोप लगाए । प्रत्यक्ष, परोक्ष सरकार गुण्डागर्दीको शैलीमा चलिरहेको बताए ।

सिंह यतिखेर सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हुन् । यद्यपि, उनी रास्वपाको संसद हुनु 'कृत्रिमजस्तो' लाग्छ । फागु'न २१ गतेको चुनावभन्दा केही दिनअघि उनी रास्वपा प्रवेश गरेका थिए । त्यसअघि उनी सर्लाही-४ बटै स्वतन्त्र सांसद थिए । त्यस अवधिमा उनले रास्वपा र बालेन्द्र शाहको चर्को आलोचना गर्थे ।

काठमाडौंका कवाडी व्यवसायी र मधेशी मूलका सडक व्यापारीमाथि दुव्यर्वहार गरेको भन्दै तत्कालीन मेयर बालेन्द्र शाहको उनले संसद् बैठकमै चर्को आलोचना गरेका थिए । गत फागुनमा चुनाव जित्ने माहौल देखेपछि उनी तिनै बालेनको पछि लागे । तर, रास्वपा प्रवेश गर्नुअघि र अहिले रास्वपाको सांसद हुँदा सिंहको मनोविज्ञान भने एउटै देखिन्छ । उनले चुनाव जित्ने माध्यमका रूपमा मात्र रास्वपालाई प्रयोग गरेका छन् । रास्वपा पार्टी र प्रधानमन्त्री बालेन्द्र शाहको अन्तरंग समूहसँग उनको प्रतिस्पर्धात्मक भाव र मनोवैज्ञानिक दूरी उस्तै छ । पार्टी नेतृत्वका रूपमा सभापति रवि लामिछानेलाई समेत सिंहले खासै महत्त्व दिएको र सम्मान गरेको देखिन्न ।

सिंहका त्यस्ता अभिव्यक्तिलाई न पार्टी, न संसदीय दल, न प्रधानमन्त्री न प्रधानमन्त्रीको सचिवायल न स्वयं प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार ले कुनै प्रतिवाद गरेका छन् । यसका दुईवटा अर्थ हुन्छन् । या त सिंह पार्टी अनुशासनभन्दा बाहिर फुक्काफाल छन् । दलीय सांसद भए पनि उनी त्यसअघिको स्वतन्त्र सांसदकै जस्तो भूमिका गर्दै छन् ।

अर्को कुरा- रास्वपा नेतृत्व, प्रधानमन्त्री बालेन्द्र शाह र उनको अन्तरंग समूह सांसद सिंहसँग डराएको हुन सक्छ । सांसद सिंहसँग त्यस्ता थुप्रै सूचना वा रहस्य हुन सक्छन् जो प्रधानमन्त्री बालेन्द्र शाहको समूहका लागि हानिकारक हुन सक्छन् । तसर्थ पार्टी सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र शाह दुवै सिंहका सामु निरूपाय बनेका हुन सक्छन् । सिंह यतिखेर सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीकै सांसद हुन् । त्यो पनि चुनावअघि प्रधानमन्त्री बालेन्द्र शाहका चुनावी अभियानका कट्टर समर्थक । चुनावअघि उनले बालेन्द्र शाह देशको प्रधानमन्त्री नभए जनकपुरको माटोमा पुरिएर आत्मदाह गर्ने भाषण गरेका थिए । तर, रास्वपा दल, प्रधानमन्त्री शाह र सिंहको सम्बन्धको त्रिकोण भने संसदीय लोकतन्त्रको प्रचलन र मर्यादाका लागि मात्र होइन, नैतिक र सुसंस्कृत लागि समेत चुनौती बन्दै गएको छ ।

हुन त सिंह यस्तो प्रवृत्ति देखाउने एक्लो रास्वपा सांसद होइनन् । रास्वपाका अन्य थुप्रै सांसदहरू धेरथोर सिकार भएका छन् । अर्का उदाहरण खगेन्द्र सुनार हुन सक्दछन् । सुनारले प्रहरी संगठनका प्रमुख आईजीपी दानबहादुर कार्कीमाथि लगाएका गम्भिर र संगिन अरोप बारे पार्टी नेतृत्व र प्रधानमन्त्री बालेन्द्र शाह मौन बस्दै आएका छन् । सांसद अमरेशकुमार सिंहले प्रयोग गरिरहेको 'अभिव्यक्ति स्वतन्त्रता' खगेन्द्र सुनार मोडेलकै 'स्टन्ट' हो भने भन्नु केही रहँदैन । तर, सिंह तुलनात्मक रूपमा पाका र परिपक्क सांसद मानिन्थे । रास्वपाका अन्य केही सांसदलाई जुन अपरिपक्क व्यवहार प्रदर्शन गर्ने र सिक्दै जाने सुविधा छ, त्यो सिंहका लागि छैन ।



२०७९ को आम निर्वाचनमा स्वतन्त्र सांसद बन्नुअघि सिंह नेपाली कांग्रेसका सांसद थिए । २०६३ सालको अन्तरिम व्यवस्थापिका संसद्को सदस्य बनाएर गिरिजाप्रसाद कोइरालाजस्ता शिखर व्यक्तित्वले पत्याएका र अघि बढाएका पात्र हुन् सिंह । कोइरालाको विश्वास जित्नुअघि सिंहको कुनै सार्वजनिक व्यक्तित्व र राजनीतिक पुँजी थिएन । उनी जवाहरलाल नेहरू विश्वविद्यायलका विद्यार्थी थिए ।

कोइरालाले सिंहलाई 'प्रोमोट' गर्नुको कारण दुनियालाई राम्रो थाहा छ । सिंह शान्ति प्रक्रिया, लडाकु समायोजन, अनमिनको उपस्थिति र संविधानसभा निर्वाचनको जटिलताबीच तत्कालीन भारतीय संस्थापनपक्षसँग नेपाली नेताहरूका लागि भेटघाट मिलाउन, समन्वय गर्न सक्थे ।

दुईवटा घटनाक्रमले सिंहलाई कांग्रेस राजनीतिबाट नराम्ररी किनारीकरण गऱ्यो । भारतमा यूपीएको साटो एनडीए गठबन्धन र भाजपा सत्तामा आयो । यता नेपालमा कोइराला खेमाको हातबाट शेरबहादुर देउवाले कांग्रेसको नेतृत्व खोसे । उदयीमान युवा नेता तथा वर्तमान सभापति गगनकुमार थापासँग पनि उनको पटरी मिलेन । २०७९ को आम निर्वाचनमा आकांक्षी हुँदाहुँदै देउवा दम्पतीले सिंहलाई सर्लाही-४ को टिकट दिएन ।

त्यसपछिका दिनमा सिंहले चर्को, अंग्रेजी शब्दाबलीमा 'ह्वीस्ल्ल ब्लोअर' अर्थात् 'हल्ला बोल' राजनीति गर्न थाले । स्वतन्त्र सांसद हुँदा संसद्मै सर्ट खोले । देउवा दम्पती र गगन थापाका विरुद्ध संभव सबै शब्दहरू प्रयोग गरे । सिंहले यो बुझ्न आवश्यक छ कि 'ह्वीस्ल्ल ब्लोइङ' र 'स्टन्ट' को राजनीति एउटै होइन । 'ह्वीस्ल्ल ब्लोइङ' सम्म ठीकै होला, 'स्टन्ट' उनलाई नसुहाउन सक्दछ।सिंह अब नेपाली राजनीतिमा पर्याप्त परिचित भइसकेका छन् । उनी 'पात्र' बाट 'प्रवृत्ति' बनिसकेका छन् । एक दिगो, सुस्पष्ट विचारधारा, अडान र दृष्टिकोण भएका नेताका रूपमा उनलाई अझै कमैले विश्वास गर्छन् ।

चुनावअघि उनले बालेन्द्र शाह देशको प्रधानमन्त्री नभए आफू जनकपुरको धर्तिमा भाँसिने भाषण गरेका थिए । यो 'ह्वीस्ल्ल ब्लोइङ' भन्दा बढी 'स्टन्ट' थियो । बालेन लहरको पक्षमा मतदाताको भावना दोहन थियो । यति जोडबल गरेर आफैंले बनाएको प्रधानमन्त्रीलाई वर्ष दिन नपुग्दै विपक्षीले भन्दा बढी आलोचना गर्नुपर्ने नौवत किन आयो ? काठमाडौं महानगरको मेयर हुँदै शाहको शैली र अन्तरंग समूह सिंह राम्रो जानकार थिए, फेरि बालेनसँगै रास्वपा प्रवेश किन गरे ? त्यही चुनाव जित्ने लोभमा ? यदि कुरा यही हो भने यो आफैंमा कति नैतिक र गतिलो राजनीति भयो ?

सिंह बारम्बार मधेशमाथि काठमाडौं र पहाडी सत्ताले विभेद र शोषण गरेको कुरा गर्छन् । तर, मधेश आन्दोलनमा उनी थिएनन् । जुन दलका सोंचविरुद्ध मधेश आन्दोलन भएको थियो ती कांग्रेस-कम्युनिस्ट थिए । उनी त्यो बेला नेपाली कांग्रेसमै थिए ।

नेपालमा लोकतन्त्र र गणतन्त्रको संघर्ष राजावादी शक्तिको सोंच र संयन्त्रविरुद्ध थियो । तर, संघीयता, समावेशिता, समानुपातिकता, सामाजिक न्याय र सीमान्तकृतहरूको आरक्षणका लागि संघर्ष कांग्रेस-कम्युनिस्टजस्ता दलको सोंचविरुद्ध थियो । यो संघर्षमा मुखले अमरेश मधेशको पक्षमा थिए तर, व्यवहारले कांग्रेस नै थिए । उनको यो सीमा पनि सबैले बुझेकै कुरा हो ।

सत्तारुढ दलको सांसद भएर पनि रास्वपाको महाधिवेशनमा भाग नलिनु र बालेन्द्र सरकारको निरन्तर चर्को आलोचना गर्नुले सिंह आफ्नो राजनीतिक औचित्य सिद्ध गर्न थप आक्रोशित र उत्तेजित मुडमा देखिन थालेको प्रस्ट हुन्छ ।

तसर्थ सिंहले उठाएका गम्भिर लाग्ने कुराहरू विस्तारै अब मजाक र रमाइलोका विषयजस्तो बन्न थालेका छन् । पोलिटिकल जोक जस्तो हुँदै गएका छन् । स्वयं उनको पार्टी र सरकारले त्यसलाई महत्त्व दिएर, एजेण्डा बनाएर छलफल गरेको वा उत्तर दिएको पाइन्न ।

सिंह प्रवृत्तिबारे बालेन सरकार र रास्वपा दुवै तै चुप, मै चुप छन् । कमजोर कार्यकर्तामाथि अनुशासनको डण्डा देखाउन हरदम तयार पार्टी सिंहलाई स्पष्टीकरण सोध्ने हैसियतामा छैन । संसदीय दलका सचेतकहरू निरीह छन् ।

आज ध्यान खिच्नु (अटेन्सन सिकिङ) राजनीतिको शक्तिशाली कला बन्दै गएको छ । यदि चर्चामा छ भने अन्य दृष्टिकोणले गुणस्तरहीन, विवादास्पद्, विसंगत र कमजोर नैतिकस्तर भएका मानिसले समाजको ठूलो पंक्तिलाई प्रभावित गर्न सक्ने स्थिति उत्पन्न भएको छ । रास्वपा र बालेन सरकारको उदयमा पनि यो प्रवृत्तिको प्रभाव छ ।

अमरेशकुमार सिंह कस्तो राजनीति गर्थे, गर्दै छन् वा गर्न चाहन्छन्, त्यो उनको निजी स्वतन्त्रता र छनोटको विषय हो । त्यो प्रवृत्तिले कस्तो संस्कृति स्थापित गर्छ ? लोकतन्त्र र संसदीय प्रणालीका लागि त्यो उचित हो वा होइन ? चुनाव जित्ने र चर्चामा आउने लोभमा जतिखेर जनता पनि प्रवेश गर्नु र जसको पनि आलोचना गर्नु कति नैतिक र पद्धति संगत हो ? यो प्रश्नले भने सबैका लागि महत्त्व राख्छ ।

-नेपालभ्युज

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जितिया पर्व आज विधिपूर्वक समापन

खबर दर्पण समाचारदाता
असोज १८ गते, बर्दिवास

सन्तानको दीर्घायु, सुख, समृद्धि र स्वास्थ्यको कामना गर्दै विशेषगरी तराई-मधेसका महिलाले मनाउने जितिया पर्व आज विधिपूर्वक समापन भएको छ। असोज कृष्ण पक्षको अष्टमीदेखि नवमीसम्म मनाइने यो पर्व शुक्रबारदेखि सुरु भएको हो।



जितियालाई 'जीवितपुत्रिका व्रत' पनि भनिन्छ। धार्मिक तथा सांस्कृतिक मान्यताअनुसार महिलाहरूले आफ्ना सन्तानको दीर्घायु, स्वास्थ्य र समृद्धिको कामना गर्दै निराहार व्रत बस्ने गर्छन्। व्रत बसेमा सन्तानलाई दु:ख, पीडा तथा विभिन्न समस्याबाट जोगाउन सकिने विश्वास रहँदै आएको छ।

जितिया पर्वको पहिलो दिन व्रतालु महिलाहरू नजिकैका पोखरी, तलाउ वा जलाशयमा स्नान गरी घिरौँलाको पातमा तोरीको तेल, सिन्दूर, तोरीको पिना (खैर), मेहन्दीको पात तथा फूलगायत सामग्री चढाएर 'नहाय-खाय' विधि पूरा गर्छन्। व्रतको पूर्वसन्ध्यामा मध्यरातमा दही-च्युउरा, माछा तथा कोदो (मरुवा) खाने परम्परा रहेको छ। त्यसपछि व्रतालु महिलाहरू शनिबार बिहान करिब ४ बजेदेखि निराहार व्रत बस्ने गर्छन्।

आज आइतबार बिहान नवमी तिथि सुरु भएपछि पूजाआजा तथा धार्मिक विधि पूरा गरी व्रत तोडेसँगै जितिया पर्व सम्पन्न हुने व्रतालुहरूले बताएका छन्। व्रतको समापन पनि धार्मिक विधिअनुसार नै गरिन्छ।

थारू समुदायमा विशेष महत्त्व राख्ने जितियामा व्रतालु महिलाहरूले सन्तानको सुख, दीर्घायु र परिवारको समृद्धिको कामना गर्दै जिमुतवाहन देवताको पूजा गर्ने तथा जितियासँग सम्बन्धित धार्मिक कथा सुन्ने चलन छ। पूजाका क्रममा फलफूलगायत सामग्रीले डाली भर्ने परम्परा पनि रहेको छ।

जितिया धार्मिक आस्था मात्र नभई तराई-मधेसका विभिन्न समुदायको मौलिक संस्कृति, परम्परा र सामाजिक एकताको प्रतीकका रूपमा समेत मनाइँदै आएको छ।

# गंगासागर छठ पूजा समितिको अध्यक्षमा दास निर्वाचित

जनकपुरधामस्थित श्री गंगासागर छठ पूजा समितिको अध्यक्षमा सतीशकुमार लालदास निर्वाचित भएका छन् ।

समितिको नयाँ कार्यसमिति चयनका लागि भएको निर्वाचनमा लालदासले १९ मत प्राप्त गर्दै अध्यक्ष पदमा विजयी भएका हुन् ।

निर्वाचनमा अध्यक्ष पदका अन्य उम्मेदवार सोनु निधिले १४ मत र कमलेश दासले ४ मत प्राप्त गरेका छन् ।

त्यस्तै, उपाध्यक्ष पदमा रामचन्द्र साह २२ मतसहित निर्वाचित भएका छन् भने सन्तोषकुमार गुप्ताले १४ मत प्राप्त गरेका छन् । सहसचिव पदमा महेश खत्वेले २५ मत र मनोज झाले १६ मत प्राप्त गरेको समितिले जनाएको छ ।

कोषाध्यक्ष पदमा भने राजकुमार साह र शिवूलाल दासले समान १८-१८ मत प्राप्त गरेपछि उक्त पदमा पुन: निर्वाचन हुने भएको छ ।

सचिव पदमा मोहन राय तथा सदस्यहरूमा बसन्त वाग्ले, केशव शर्मा, महेन्द्र खत्वे र मण्डल निर्वाचित भएको जनाइएको छ । समितिको नयाँ कार्यसमिति चयनका लागि असोज १७ गते निर्वाचन भएको थियो ।-खबर दर्पण

# कांग्रेसको १५औँ .....

## नयाँ पुस्तालाई समेट्ने प्रतिबद्धता

कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले १५औँ महाधिवेशनपछि कांग्रेस अझ बलियो, ऊर्जाशील र नयाँ पुस्ताको भावनालाई समेटेर अघि बढ्ने बताउनुभयो।

उहाँले ३५ वर्षमुनिका मात्रै करिब दुई लाख ५० हजार कांग्रेस सदस्य रहेको जानकारी दिँदै पार्टीमा नयाँ पुस्ताको सहभागिता उल्लेख्य रहेको बताउनुभयो।

उद्घाटन सत्रमा भारत, चीन, बङ्गलादेशलगायत छ देशका विभिन्न राजनीतिक दलले महाधिवेशन सफलताको शुभकामना दिँदै पठाएका सन्देश वाचन गरिएको थियो। कार्यक्रममा विभिन्न सांस्कृतिक झाँकी प्रस्तुत गरिनुका साथै नेपाली कांग्रेसमा भइरहेको परिवर्तनको सन्देश दिने वृत्तचित्रसमेत प्रदर्शन गरिएको थियो।

सात हजार पाँच सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको कांग्रेसको १५औँ महाधिवेशनको बन्दसत्र सोमबारदेखि सुरु हुँदैछ।

# सडकछेउको पोलबाटै तार गायब

मंजित कुमार राम
असोज १८ गते, बर्दिवास

महोत्तरीको सोनमा गाउँपालिका-५, खैरबनीबाट गएराति ७ सय मिटर लामो ४ फेजको 'एबीसी केबल' (ब्यत्रू त्रबदभि) चोरी भएको छ। पूर्व-पश्चिम हुलाकी राजमार्गसँगै रहेको सशस्त्र प्रहरी बेसक्याम्प खैरबनीको ठ्याक्कै अगाडिबाट कृषि बाटोका १४ वटा पोलको तार काटेर चोरी गरिएपछि त्यस क्षेत्रको कृषि विद्युतीकरण पूर्ण रूपमा अवरुद्ध भएको छ।

इलाका प्रहरी कार्यालय खैरबनीका प्रहरी इन्चार्ज कमल दाहाल भण्डारीले दिएको जानकारी अनुसार, विद्युतीकरण गरिएको उक्त कृषि बाटो भारतीय सीमा क्षेत्र भेढहियासँग जोडिएको छ। घटनालगत्तै भारतीय सीमा सुरक्षा बल (एसएसबी) सँग समेत समन्वय गरी तार तथा चोरीमा संलग्नहरूको खोजी कार्य तीव्र पारिएको इन्चार्ज भण्डारीले बताएका छन्।

सशस्त्र प्रहरीको बेसक्याम्प जस्तो संवेदनशील सुरक्षा निकायको ठीक अगाडिबाट यसरी ठूलो परिमाणमा तार चोरी हुनुले स्थानीय सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्नचिह्न खडा भएको स्थानीय जनप्रतिनिधिहरूको गुनासो छ। यस क्षेत्रमा पछिल्लो समय विद्युतीय सामग्री चोरीका घटनाहरू डरमर्दो ढङ्गले बढ्दै गएका छन्। यसअघि गत आइतबार (भदौ ११ गते) मात्रै सोही गाउँपालिकाको वडा नं. २ र ६ बाट एकै रातमा दुईवटा ट्रान्सफर्मरसमेत चोरी भएका थिए। दिनप्रतिदिन ट्रान्सफर्मर, केबल र तार चोरीका घटना



हुन थालेपछि यस क्षेत्रका किसान तथा स्थानीय बासिन्दाहरू चिन्तित बनेका छन्।



# हेटौँडा-ढल्केबर चार सय केभी प्रसारण लाइन दुई सातामा चार्ज हुँदै



**खबर दर्पण समाचारदाता**
**असोज १८ गते, बर्दिवास**

स्थानीयको अवरोध, न्याय निरूपणमा भएको ढिलाइ, वनक्षेत्र प्रयोगको अनुमति प्राप्तिलगायतका कारण १२ वर्षसम्म निर्माणाधीनकै हैसियतमा अल्झिएको हेटौँडा-ढल्केबर चार सय केभी प्रसारण लाइन अब भने निर्माण सम्पन्नको अवस्थामा पुग्ने देखिएको छ।

पछिल्लो पटक ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रयास, स्थानीयसँगको सहमति र वनक्षेत्र उपयोगमा मन्त्रीपरिषद्को निर्णय जस्ता प्रक्रियाले सार्थक स्वरूप पाउँदा पूर्वपश्चिम विद्युत् प्रवाहको महामार्ग यो प्रसारण लाइन एक महिनाभित्र निर्माण सम्पन्न हुने मन्त्रालयले जनाएको छ।

आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसहितको टोली मुख्य अवरोध रहेको क्षेत्र ढल्केबर सबस्टेसन र हेटौँडाको थानभञ्याङमा निर्माणाधीन दुई मल्टिसर्किट टावर निर्माणको अवलोकन गर्न निर्माणस्थल पुगेको थियो। निरीक्षणपछि मन्त्री श्रेष्ठले यो आयोजना दसैँलगत्तै सम्पन्न हुने अवस्था पुगेको जानकारी गराउनुभयो।

हेटौँडा उपमहानगरपालिका-१५, १६ तथा १७ स्थित हटिया क्षेत्रमा १४ वटा, हेटौँडा-११ स्थित थानाभञ्याङमा दुई वटा टावर निर्माणमा अवरोध रहँदै आएको थियो। थानाभञ्याङबाट हेटौँडा सबस्टेसनमा लाइन छिराउन दुई वटा मल्टी सर्किट टावर निर्माण गर्नुपर्ने थियो। यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुने अवस्था थियो। यहाँका बसोबासीलाई क्षतिपूर्तिको व्यवस्था गरिएपछि त्यहाँ टावर निर्माण सम्भव भएको हो।

त्यस्तै हटियाक्षेत्रमा राइटअफ वे परिवर्तन गर्नसमेत स्थानीयले माग गरेका थिए। सामुदायिक वनक्षेत्र प्रयोगमा पनि ठुलो समस्या रहँदै आएको थियो। वनक्षेत्र प्रयोग र रुख कटानका लागि समयमा स्वीकृति पाउन नसक्दा काम अवरुद्ध हुँदै आएको थियो तर गत असार २४ गतेको मन्त्रीपरिषद् बैठकले नेपाल विद्युत् प्राधिकरणलाई मकवानपुरको हेटौँडा-१५ स्थित रातोमाटे सामुदायिक वन उपभोक्ता समूह तथा बकैया-२ स्थित सरस्वती सामुदायिक वन उपभोक्ता समूह अन्तर्गतको राष्ट्रिय वनको २.२ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको थियो।

साथै उक्त क्षेत्रमा रहेका विभिन्न प्रजातिका एक हजार २९२ वटा रुख हटाउन पनि स्वीकृति प्रदान गरेको थियो। यी अवरोध हटेसँगै प्राधिकरणले निर्माणलाई तदारुकता दिएको हो।

अनुगमनमा पुगेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले १२ वर्षदेखि अड्किएको हेटौँडा ढल्केबर प्रसारण लाइनको काम अब निर्माण सम्पन्न हुने अवस्थामा पुगेको बताउनुभयो। "अब पूर्वपश्चिम विद्युत् प्रवाहको यो मेरुदण्ड तयार हुने अवस्थामा पुगेको छ," उहाँले भन्नुभयो, "हेटौँडा-ढल्केबर प्रसारण लाइनका १६ वटा टावरमध्ये १४ वटा डबल सर्किटको टावर निर्माण भइसकेको छ। दुइटा मल्टिसर्किट टावर निर्माण अन्तिम चरणमा छ। करिब १५ दिनमा तयार गरी चार्ज गर्ने योजना छ।"

मन्त्री श्रेष्ठले राज्यको अर्बौं रुपियाँ खर्च भएको तर परिणाम निस्कन नसकेको काम अब सफल भएको बताउनुभयो। "अब बुटवलको बिजुली इनरुवा, इनरुवाको बिजुली बुटवलसम्म जाने ठुलो मार्ग तयार भएको छ," उहाँले भन्नुभयो, "गुणस्तरीय र दिगो विद्युत् प्रवाहदेखि अन्तरदेशीय विद्युत् व्यापार प्रवर्धनका लागि समेत यो प्रसारण लाइनले ठुलो सफलता दिलाउने छ।"

प्रसारण लाइन सम्पन्न हुन नसक्दा हेटौँडा ढल्केबर विद्युत् प्रवाह अधिकतम तीन सय मेगावाटमा सीमित थियो तर यो प्रसारण लाइनबाट दुई हजार मेगावाट विद्युत् प्रवाह हुने छ। करिब तीन सय किलोमिटर लामो हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइनमध्ये पूर्वी खण्ड ढल्केबर-इनरुवा १५४ किलोमिटर प्रसारण लाइन दुई वर्षपहिले नै निर्माण सम्पन्न भएर उपयोगमा आइसकेको छ।

# जनमत पार्टीको अध्यक्षमा पुनः सीके राउत निर्वाचित, महासचिवमा सञ्जय यादव





**खबर दर्पण समाचारदाता**
**असोज १८ गते, बर्दिवास**

वीरगञ्जमा सम्पन्न जनमत पार्टीको दोस्रो महाधिवेशनबाट डा. चन्द्रकान्त (सीके) राउत पुनः अध्यक्षमा निर्वाचित भएका छन्। महाधिवेशनअन्तर्गत भएको निर्वाचनमा राउतले ९५८ मत प्राप्त गर्दै अध्यक्ष पदमा पुनः निर्वाचित भएका हुन्।

अध्यक्ष पदमा राउतको मात्रै उम्मेदवारी परेको थियो। तर, पार्टीको विधानअनुसार उम्मेदवारले कुल सदर मतको कम्तीमा २० प्रतिशत मत प्राप्त गर्नुपर्ने व्यवस्था रहेकाले एकल उम्मेदवारी भए पनि अध्यक्ष पदमा मतदान गरिएको थियो। राउतले आवश्यक मतसीमा पार गर्दै अध्यक्षमा निरन्तरता पाएका हुन्।

महाधिवेशनमा २६ पदाधिकारी सहित ९९ पदका लागि निर्वाचन भएको थियो। अध्यक्षबाहेकका अधिकांश पदमा प्रतिस्पर्धात्मक निर्वाचन भएको थियो।

महाधिवेशनबाट सात जना उपाध्यक्ष निर्वाचित भएका छन्। अनिताकुमारी मण्डल, अनितादेवी साह, नरेन्द्रप्रसाद चौधरी, बसन्तकुमार कुशवाहा, डा. जयकान्त राउत, राजयकुमार यादव र माधवप्रसाद सिंह उपाध्यक्षमा निर्वाचित भएका हुन्।

उपाध्यक्षका लागि ११ जना उम्मेदवार चुनावी मैदानमा थिए। निर्वाचनमा परमेश्वर मुर्मु, हरपाल सिंह सोडी, मनोहरा देवी बैठा र रोशन खातुन पराजित भएका छन्। पार्टीको महासचिवमा सिरहाका सञ्जयकुमार यादव निर्वाचित भएका छन्। यादवले ६१८ मत प्राप्त गर्दै महासचिव पद हात पारेका हुन्।

महासचिव पदमा यादवसँगै ममता झा र निवर्तमान महासचिव चन्दनकुमार सिंह प्रतिस्पर्धामा थिए। झाले २२० तथा सिंहले १६५ मत प्राप्त गरेका छन्। दुवैले पार्टीले तोकेको २० प्रतिशत मतको थ्रेसहोल्ड पार गर्न नसकेको जनमत पार्टीले जनाएको छ।

त्यस्तै, उपमहासचिवमा सिरहाका निर्मलकुमार मण्डल निर्वाचित भएका छन्। मण्डलले ५०१ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी ललितचन्द्र मल्लिकले ४१४ मत पाएका छन्।

महाधिवेशनबाट सात जना सचिव निर्वाचित भएका छन्। सुरेन्द्र शर्मा, पारसप्रसाद साह, सन्तोष राज सहनी, अन्जनी देवी, राधाकुमारी यादव, हरेन्द्र चौधरी र बालगोविन्द चौधरी सचिवमा निर्वाचित भएका हुन्।

सचिव पदका लागि नौ जना उम्मेदवारबीच प्रतिस्पर्धा भएको थियो। वीरेन्द्र महतो 'जीवन त्यागी' र रामबाबु साह भने निर्वाचित हुन सकेनन्।

जनमत पार्टीको दोस्रो महाधिवेशन वीरगञ्जमा आयोजना गरिएको हो।

महाधिवेशनबाट अध्यक्षसहित नयाँ केन्द्रीय कार्यकारिणी संरचना चयन गरिएको छ।

अध्यक्षमा राउतको पुनः चयनसँगै पार्टीको नेतृत्वमा निरन्तरता कायम भएको छ भने महासचिवसहित अन्य पदमा नयाँ नेतृत्व चयन भएको छ।


## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

## विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

**बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं**

**स्वास्थ्य कार्यालय महोत्तरी, जलेश्वर**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,